# नारायण नगरपालिकाको खेलकूद विकास गर्न बनेको ऐन,

**प्रस्तावना:** नारायण नगरपालिकामा समग्र खेल संस्कृतिको विकास, खेलकूद पूर्वाधार निर्माण, खेलाडिको व्यवसायिक सुरक्षा, वडास्तरीय, नगरस्तरीय प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा खेलकूद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकाले कानूनी बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा १ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१)बमोजिम नारायण नगरपालिकाको तेह्रौ नगर सभाले नारायण नगरपालिकाको खेलकुद बिकास गर्न वनेको ऐन, २०८० निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "नारायण नगरपालिकाको खेलकुद बिकास ऐन, २०८०" रहेको छ ।

(ख) यो ऐन नगरसभाले स्वीकृत गरी नारायण नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ

**२.परिभाषा** :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क)"अध्यक्ष भन्नाले दफा ३ बमोजिम गठित नगर खेलकूद विकास समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख)"खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ग)"तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ)"खेलकूद समिति"भन्नाले दफा ३ बमोजिम गठित भएको नगर खेलकूद विकास समिति सम्झनु पर्छ ।

(ङ)"सदस्य' भन्नाले दफा ३ बमोजिमको समिति सदस्य सम्झिनु पर्दछ र सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउनेछ ।

(च) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम नगर खेलकूद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित भएको खेलकूद विकास समिति सम्झिनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले नारायण नगरपालिकालाई सम्झनु पर्छ ।

(झ) "कार्यपालिका सदस्य " भन्नाले नारायण नगरपालिकाको कार्यापालिका सदस्यलाई सम्झनु पर्छ ।

(ञ) "उपप्रमुख" भन्नाले नारायण नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नारायण नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ठ) "नगर प्रमुख" भन्नाले नारायण नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

**३. नगर खेलकूद विकास समिति :**

१) नगरमा खेलकूदको विकास गर्नको लागि सत्र सदस्यीय नगर खेलकूद विकास समिति गठन हुनेछ ।

२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन् ।

क) नगर प्रमुखको प्रस्तावमा नगर कार्यपालिकाले तोकेको खेलकुद संग सम्वन्धित व्यक्ति -अध्यक्ष

ख) नगर कार्यपालिकाले सिफारिस गरेको खेलकुद संग सम्वन्धित व्यक्ति -उपाध्यक्ष

(ग)नगर कार्यपालिकाले तोकेको एक महिला सहित नगर सभा सदस्य दुई जना -सदस्य

(घ)नगरपालिकाको नगर प्रहरी व्यबस्थापन शाखा प्रमुख वा जिल्ला प्रहरी प्रमुख -सदस्य

(ङ) बिगतमा नगरस्तर तथा जिल्लास्तरमा खेलकूदको क्षेत्रमा खेलाडी वा रेफी वा प्रशिक्षक वा ब्यबस्थापक भई तीनबर्ष काम गरेको ब्यक्ति मध्य दुईजना महिला सहित नगरपालिकाले मनोनित गरेको अलग अलग खेल जगतबाट प्रतिनिधित्व हुने गरी पांच जना -सदस्य

(च)खेलकुदको क्षेत्रमा अध्ययन, अनुसंन्धानात्मक प्रबन्ध कार्य गरेका खेलकूद बिज्ञ मध्यबाट नगरले मनोनित गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(छ) अपांगता भएका खेलाडी मध्येबाट नगरपालिकाले मनोनित गरेको एक जना -सदस्य

(ज)खेलकूद पत्रकार मञ्चको प्रतिनिधि -सदस्य

(झ) सामाजिक विकास शाखा र शिक्षा शाखा प्रमुख -सदस्य

(ञ)समितिको सिफारीसमा नगरपालिकाले नियुक्त गरेको ब्यक्ति -सदस्य सचिव

( सदस्य सचिव नियुक्त नभए सम्म सदस्य सचिवको काम शिक्षा शाखा प्रमुखले गर्नु गर्ने छ।

३)समितिको बैठकमा खेल क्षेत्रसंग सम्बन्धित बिज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ।

४)खण्ड (ङ) देखि (ञ)सम्मका सदस्य मनोनित गर्दा नगरको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

५)समितिको सबै काम कारबाहिको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

६)समितिको चल अचल सम्पति नगरपालिकामा रहनेछ।

७)समितिको सचिवालय नगरपालिकाको नगर कार्यपालिकामा रहनेछ।

८)खेलकूद क्षेत्रमा विषेश अनुभवी र दक्षता हासिल गरेका ब्यक्तिहरु मध्यबाट एक सल्लाहकार समिति गठन गर्न सकिनेछ।

९)यस पालिकाको खेलकूद बिकास समिति गठन गर्दा जिल्ला खेलकूद बिकास समितिको सल्लाह सुझाव र रोहबरमा गठन गर्न सकिनेछ।

**४.पदावधि :**

(क) दफा ३ को उपदफा (२) वमोजिम गठित नारायण नगरपालिका खेलकूद बिकास समितिका पदेन बाहेकका सदस्यहरुको पदावधी तीन बर्षको हुनेछ।

(ख) दफा ३ को उपदफा २ बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ।

(ग) दफा ३ को उपदफा( २) को खण्ड (ङ) देखि (ञ) सम्मका मनोनित वा नियुक्त हुने सदस्यले आफनो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा नगरपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ। तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाईको मौकाबाट बञ्चित गरिने छैन।

**५.सदस्यको अयोग्यताः**

देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन व बहाल रहन सक्ने छैन

(क) गैह्र नेपाली नागरिक

(ख) पदेन बाहेकका कर्मचारी

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ब्यक्ति

(घ) अठार वर्ष उमेर पुरा नभएको,

**६.सदस्यता रिक्त हुने अबस्थाः**

देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ।

(क)दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरीएमा

(ख)समिति समक्ष राजिनामा दिई स्वीकृत भएमा

(ग) सदस्यको मृत्यु भएमा

(घ) बिना सूचना लगातार तिन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा।

(ङ) दफा ४ को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले हटाएमा।

**७.अध्क्षयको काम कर्तब्य र अधिकारः देहाय बमोजिम हुनेछ -**

(क) सदस्य सचिवलाई बैठक बोलाउन निर्देशन गर्ने

(ख) बैठकको अध्यक्षता गर्ने

(ग) खेलकुद समितिलाई खेलकूद सम्बन्धि निति तथा कार्यक्रमको बारेमा सुझाव दिने

(घ) बार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने ।

(ङ) कार्यपालिका समक्ष बार्षिक प्रगती प्रतिवेदन पेश गर्ने ।

**८.सदस्य सचिवको काम, कर्तव्य र अधिकारः**

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क)दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख)खेलकूद समिति सन्बन्धमा निति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने

(ग)समितिको बैठकको निर्णय प्रमाणिकरण एवं कार्यान्वयन गर्ने, गराउने

(घ)समितिबाट स्वीकृत खेलकूद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ)वार्षिक योजना, कार्यक्रम तथा वजेट तयारी गरी समिति समक्ष पेश गर्ने,

(च)वार्षिक प्रतिवेदन तयारी गरी समिति समक्ष पेश गर्ने,समितिले तोकेको अन्य कार्य गर्ने, गराउने,

**९.सदस्य सचिव को नियुक्ति, योग्यता सम्बन्धी व्यवस्थाः**

देहाय बमोजिम योग्यता पुगेका व्यक्तिलाई अध्यक्षको सिफारिसमा सदस्य सचिवमा नियुक्ति गर्नेछ ।

(क)नेपाली नागरिक,

(ख)प्रविणता प्रमाणपत्र वा सो सरह परीक्षा उत्तिर्ण गरेको,

(ग)राष्ट्रियस्तरको खेलाडी,रेफ्रि,प्रशिक्षक,खेलकूद क्षेत्रमा व्यवस्थापक वा विशेषज्ञता हासिल गरेको,

(घ) पच्चिस वर्ष उमेर पूरा भई चालिस वर्ष ननाघेको,

(ङ)कुनै कानूनले अयोग्य नठहरीएको ।

(च)सदस्य सचिवको पारिश्रमिक, सेवा शर्त र सुबिधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०.पद रिक्त हुने अवस्थाः**

देहायको अवस्थामा सदस्य सचिव र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क)नगर समक्ष दिएको लिखित राजिनामा स्वीकृत भएमा

(ख)निजलाई पदबाट हटाएमा,

(ग)नैतिक पतन देखिनेफौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरेमा,

(घ)निजको मृत्यु भएमा ।

**११.समितिको बैठक र निर्णयः**

(क)अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

(ख)समितिको अध्यक्षता अध्यक्षले गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् ।

(ग)समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ)समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ ।

(ङ)एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(च)बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(छ) अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्ने छ ।

(ज) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२.समितिको काम, कर्तव्य र अधिकार**

दफा ३ बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) )समितिलाई खेलकूद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ख नगरस्तरीय लगायतका खेलकूद प्रतियोगिता आयोजना गर्ने,

(ग) अन्तर पालिका, जिल्ला ,राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकूद प्रतियोगिता तथा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(घ) खेलकूदको विकास प्रबर्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

(ङ) रङ्गशाला, खेलकूद मैदान तथा अन्य खेलकूद संरचनाको निर्माण सञ्चालन संरक्षण तथा रेखदेख गर्ने,**ग**राउने

(च) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकूद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने ।

(छ ) नगरको भूगोल तथा सन्तुलनका आधारमा समानुपातिक रुपमा खेलकूद विकास समिति गठन गर्ने र उक्त जनसंख्याको समितिलाई समन्वय र आवश्यक निर्देशन दिने, आफ्नो तह र मातहतका खेलकूद सम्बन्धी संघ–संस्थाको नियमन गर्ने ।

(ज) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने, उपयुक्त खेलाडीको छनौट गरी विदेशमा समेत तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउँदा परिषदको प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(झ) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृति प्रदान गर्नका लागि नगर समक्ष सिफारिस गर्ने,

(ञ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ट) अपांगता भएका व्यक्तिको खेलकूदको विकास गर्नका लागि तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने गराउने,खेलकूद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,खेलकूद पर्यटनको विकास गर्ने,

(ठ) परम्परागत खेलकूदको संरक्षण र प्रवर्द्धन गर्ने,नगर खेलकूद विकासका लागि प्राथामिकीकरण गर्ने गराउने, खेलाडीको अभिलेख राख्ने, आवश्यकता अनुसार उप-समिति गठन गर्ने,अध्यक्षले नगरको बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने, खेलकूदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

(ड) नगरपालिका भित्रका संघ, संस्था, क्लवहरुले खेलकूद प्रतियोगिता आयोजना गर्दा नगर खेलकुद विकास समितिको अनिवार्य स्वीकृती लिनु पर्ने ।

**१३.वडा स्तरीय खेलकूद विकास समिति**

नगर खेलकूद विकास समितिको मातहतमा वडा स्तरीय खेलकूद विकास समिति रहने छन् ।

**(१).वडास्तरीय खेलकूद विकास समितिको गठन**

(क)वडाको वडा अध्यक्षको प्रस्तावमा वडा कार्य समितिले तोकेको व्यक्ति -अध्यक्ष

(ख)वडा समितिले तोकेको वडा सदस्य एक जना -सदस्य

(ग)खेलकूद क्षेत्रमा कम्तिमा दुई वर्ष कार्य गरेको व्यक्ति एक जना -सदस्य

(घ)संघ संस्थाबाट एक जना महिला सहित दुईजना - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

**(२).उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।**

**१४.खेलकूद सम्बन्धी संस्था दर्ता:**

(क)खेलकूद सम्वन्धी कियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता सुचिकरण नगर समितिमा हुनेछ ।

(ख)यस अघि अन्य निकायमा दर्ता, सूचीकरण, अध्यावधिक भएका खेलकूद सम्बन्धी संस्था यो ऐन लागु भए पछि यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ ।

**१५.दर्ताको लागि निवेदन दिर्नु पर्ने**

(१:)दफा १४ बमोजिम नाम दर्ता सूचीकरण गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

(क)संस्थाको नाम र ठेगाना,

(ख)संचालन गरिने खेलकूद,

(ग)कार्य कारिणी समितिका सदस्यको नाम, ठेगाना,

(घ)विधानको प्रमाणित प्रतिलिपि,

(ङ)वार्षिक कार्ययोजना र आयश्रोत

**१६.नाम दर्ता सुचिकरण गर्न सक्नेः**

(१)दफा१४बमोजिम नाम दर्ता सूचीकरण गराउनको लागि दरखास्त परेमा समितिले पन्द्रह दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता सुचिकरण गर्न सक्नेछ ।

(२)समिति उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सो को सूचना **स**म्बन्धित संस्थालाई दिनु पर्नेछ ।

**१७.विधान संशोधनको सूचनाः**

(१)यो ऐन बमोजिम समितिमा नाम दर्ता वा सूचीकरण भएको खेलकूद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु पर्ने कारण तीन महले तयार गरी सो को सूचना तीस दिन भित्र समितिलाई दिन पर्नेछ ।

(२)उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नुपर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१८.हिसावको श्रेष्ता राख्नुपर्ने :**

(१)खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेष्ताको आम्दानी खर्च हिसाबको स्रेस्ता तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

(२)उपदफा १बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको स्रेस्ता जाँचबुझ नगरले जुन सुकै बेला गर्न गराउन सक्नेछ ।

**१९.निर्देशन दिनेः**

(१) समिति , संस्थालाई खेलकूद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद संस्थाको कर्तव्य हुनेछ ।

(२)उपदफा (१) बमोजिम समितिले निर्देशनको पालना नगर्ने खेलकूद सम्बन्धी संस्था वा दफा १७ बमोजिमको समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको स्रेस्ता नराख्ने वा रकम हिना मिना गर्ने खेलकूद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो सूचीकरण बाट हटाउन सक्नेछ ।

(३)उपदफा (२) वमोजिम समितिले आफ्नो सूचीकरणबाट कुनै खेलकुद सम्बन्धी संस्था हटाएमा त्यसको सूचना सम्बन्धित खेलकूद संस्थालाई दिनु पर्नेछ ।

**२०.स्वीकृति लिनुपर्नेः**

खेलकूद सम्बन्धी संस्थाले राष्ट्रिय अन्तराष्ट्रिय खेलकुद प्रतियोगिता सुचिकरण वा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडिलाई पठाउन वा नगरमा हुने खेलकूद प्रतियोगीता, राष्ट्रिय वा अन्तराष्ट्रिय सभा सम्मेलनमा अन्य देशका खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृती लिनु पर्नेछ ।

**२१.समितिको कोषः**

(१)समितिको आफ्नो एउटा छुटटै कोष हुनेछ र कोषमा देहायको रकम रहनेछ

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका वाट प्राप्त रकम,
(ख) खेलकूद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको,
(ग)शुल्क,खेलकूद सम्बन्धी पूर्वाधार उपयोग गरे बापतको रकम
(घ)खेलकूद प्रर्दशन गरी आर्जन भएको रकम,
(ङ)कुनै व्यक्ति वा संस्थावाट चन्दा वा सहायता स्वरूप प्रदान भएको रकम,
(च)नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,
(छ)अन्य कुनै स्रोतबाट प्राप्त रकम,
(२ समितिको नामबाट गरिने सबै खर्च कोषवाट व्यहोरिने छ ।
(३)समितिको कोषमा बाँकि रहने रकम बैंकमा खाता खोली जम्मा गरिनेछ ।
(४)समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ ।

**२२.लेखा र लेखापरीक्षणः**

(१)समितिको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।
(२)समितिको खाता पाता चुस्त दुरुस्त भए नभएको हेरफेर गरी आन्तरिक लेखा परीक्षण नारायण नगरपालिकाको आन्तरिक लेखापरीक्षण शाखाले गर्ने छ । अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ । नगरपालिकाले समितिको आय व्ययको लेखा तथा **सो** सम्बन्धी कागजात नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**२३.सदस्यको भत्ताः** दफा ३ बमोजिम गठित समिति सदस्यले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता र काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

**२४.सदस्य सचिवको पारिश्रमिक र सेवा सुविधाः**

सदस्य सचिवको पारिश्रमिक सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२५. समितिमा रहने कर्मचारीः**

१.स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरपालिकाबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन् ।
२.नगरपालिकाले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ ।
३.उपदफा (१) बमोजिमका कर्मचारी आवश्यकता अनुसार नगरपालिकाले उपलब्ध गराउनेछ ।

**२६.अधिकार प्रत्यायोजनः**

नगरपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य,दफा ११ को खण्ड (प) बमोजिमको समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ

**२७.नगरपालिकाले निर्देशन दिन सक्नेः**

(१)नगरले खेलकूद विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।
(२)उपदफा (१) बमोजिम नगरपालिकाले दिएको निर्देशनको पालना गर्न समितिको कर्तव्य हुनेछ ।

**२८.खेलाडीको व्यावसायिक सुरक्षाः**

तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**२९.सजाय र कारबाहीः**

१.समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ ।

(क)समितिले दिएको निर्देशन पालना नगर्ने खेलकूद विकास समिति वा  खेलकूद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पांच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोऱ्याएमा समिति वा संस्था खारेजी गर्न सक्ने छ ।

(ख)कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्य**व**स्थापक रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकुल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाईएमा वडास्तरको खेलकूद प्रतियोगिताको हकमा पांच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोही  स्तरको  खेलबाट  प्रतिबन्ध  र नगरस्तरको खेलकूद प्र**ति**योगिाको हकमा दश हजार रुपैया जरिवाना र एक वर्ष सम्म सोही स्तरको खेलवाट प्रतिवन्ध ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिन भित्र नगरपालिका न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

**३०.नियम बनाउने अधिकार**

यस ऐन कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**३१.यस ऐन बमोजिम हुने:**

यस ऐनमा लेखिएका कुरा यसै ऐन बमोजिम र अन्यमा प्रचलि कानून बमोजिम हुनेछ ।

प्रमाणिकरण मिति : २०८०।१२।२२

आज्ञाले

दिपक कुमार आचार्य
प्रमुख प्रशासकिय अधिकृत